# प्रेस विज्ञप्ती

अन्तरव्यवस्थापिका संघ (IPU) को १४१ औं एसेम्बली सन् २०१९ को अक्टोवर १३ देखि १७ सम्म सर्वीयाको राजधानी बेलग्रेडमा हुन लागेको छ । यस संघमा नेपाल लगायत १७१ राष्ट्रका संसद र अन्य ११ एसोसियट सदस्य रहेका छन् । उक्त कार्यक्रममा नेपालको संघीय संसदका तर्फबाट भाग लिन राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा ९ सदस्यीय प्रतिनिधि मण्डल त्यस तर्फ प्रस्थान गर्दैछ । उक्त प्रतिनिधि मण्डलमा राष्ट्रिय सभाका मा० खिमलाल भट्टराई र मा० बद्री प्रसाद पाण्डे, प्रतिनिधि सभाका मा० देव प्रसाद तिमिल्सिना, मा० इन्दु कुमारी शर्मा र मा० रुही नाज तथा संघीय संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराई, राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाँल र सम्माननीय अध्यक्षज्यूका प्रेश सल्लाहकार श्री अशोक पौडेल रहनु भएको छ ।

उक्त कार्यक्रममा सम्माननीय अध्यक्षज्यूबाट General Debate on "Strengthening International Law: Parliamentary Roles and Mechanisms and the Contribution of Regional Cooperation" मा नेपालको धारणा प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । त्यसैगरी Standing Committee on Democracy and Human Rights को वैठकमा "Achieving Universal Health Coverage by 2030: The Role of Parliaments in Ensuring the Right to Health" विषयमा प्रतिनिधि मण्डलको सहभागिता रहने छ । उक्त कार्यक्रममा Standing Committees on Peace and International Security, Sustainable Development, Finance and Trade, and United Nations Affairs सम्वन्धी समितिहरुको प्रतिवेदन प्रस्तुत हुने कार्यक्रम रहेको छ । महिला संसद सदस्यहरुको वैठक १३ अक्टोवरमा हुने र उक्त वैठकमा नेपालको तर्फबाट मा० इन्दु कुमारी शर्माज्यूले भाग लिनुहुने छ भने अक्टोवर १४ मा हुने युवा संसद सदस्यहरुको वैठकमा नेपालको तर्फबाट मा० बद्री प्रसाद पाण्डेज्यूले भाग लिनुहुने भएको छ । संघीय संसदका महासचिव श्री मनोहर प्रसाद भट्टराईज्यूले Association of Secretary Generals of Parliament (ASGP) को वैठकमा भाग लिनुहुने कार्यक्रम रहेको छ ।

संघीय संसद सचिवालय अन्तरव्यवस्थापिका संघ (IPU) को १४१ औं एसेम्वली सफलता पूर्वक सम्पन्न हुने अपेक्षा राख्दै नेपाली प्रतिनिधि मण्डलको भ्रमण सफलताको कामना गर्दछ ।

डा. रोजनाथ पाण्डे
प्रवक्ता
२०७६/०६/ २४